समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान

# किसान सन्देश बुलेटिन

चौमासिक

वर्ष: १ अंक: १ २०७५ श्रावण - २०७५ कार्तिक July 2018 - October 2018

## सम्पादकीय

### प्राङ्गगारिक खेती: आजको आवश्यकता

एकातिर कृषकको माग अनुरुप रसायनिक मलको आपुर्ति हुन सकेको छैन भने अर्को तर्फ नेपाल सरकारकले रसायनिक मल अनुदानमा ठूलो धन रासि खर्च गरिरहेको छ । नेपाल सरकारले अनुदानमा उपलब्ध गराएको रासायनिक मलमा बिरुवालाई आवश्यक पर्ने सबै पौष्टिक तत्व सन्तुलित रुपमा उपलब्ध हुन नसक्ने र रसायनको मात्रा बढ्न गई माटोको उर्वराशक्ति दिनानुदिन ह्रास हुँदै गएको छ भने कृषकको ज्ञानको कमीले युरिया मलको एकल प्रयोगले गर्दा माटोमा अम्लियपना वृद्दि भई उत्पादन र उत्पादकत्वमा प्रतिकूल असर परेको मात्र नभै सुक्ष्म जिवाणु शून्य अबस्थामा परिणत भै मृत माटो बन्न गएको छ ।


नेपाली कृषकहरुले अन्तरराष्ट्रिय प्रतिस्पर्धामा आफ्नो उत्पादन लैजान र नेपालको आफ्नै पहिचानको उत्पादन गर्न प्राङ्गगारिक कृषि प्रणालीमा जानुको विकल्प छैन । नेपालमा समेत प्राङ्गगारिक प्रयोगकर्ता बृद्दि हुँदै गईरहेको परिप्रेक्षमा र स्वास्थ प्रति सचेतनाको कारण रासायनिक उत्पादन दिगो पनि छैन र नेपालका कृषक सुहाँउदो समेत छैन । रसायनिक मलको प्रयोगबाट हाम्रो माटोमा रहेको फाईदाजनक शूक्ष्म जिवाणुहरुको मात्रा घट्दै जाँदा उत्पादन दीगो हुन नसक्ने स्पष्ट भैसकेको छ ।दीगो उत्पादन गर्दै माटो स्वस्थतालाई कायम राख्न समेत प्राङ्गगारिक कृषिको महत्वपुर्ण योगदान रहेको छ । नेपाल जस्तो मुलुक जहाँ आफ्नै रासायनिक मल कारखाना नभएकोले आयातबाट ठूलो धनरासी विदेश तर्फ गईरहेको छ । गरिब कृषकले दीगो कृषि उत्पादन पनि गर्न नसक्ने र उत्पादित बस्तु निर्यात समेत गर्न नसक्ने प्रकारको उत्पादन हामीलाई आवश्यक नभएको सन्दर्भमा प्रङ्गगारिक कृषि बिना नेपाली गरिब कृषकको समृद्दि समेत सम्भव नभएको परिप्रेक्षमा नीति निर्माणकर्ताले एक पल्ट सोच्ने बेला भैसकेको छ । कसरी रासायनिक मललाई क्रमश घटाउँदै जाने र प्राङ्गगारिक मललाई बढाउँदै गई अन्त्यमा देश नै प्राङ्गगारिक बनाउन आवश्यक भएको छ । प्राङ्गगारिक खेतीबाट नै हाम्रो माटो जस्ताको तस्तै रुपमा हाम्रा सन्ततिलाई बुझाउन, माटो स्वस्थ बनाउन, पानिको मुहान स गर्न, स्वादिष्ट पौष्टिक तत्व परिपुर्ण भएको स्वस्थ उत्पादन गर्न र वास्तबिक दीगो कृषि उत्पादन गर्न अपरिहार्य भएकोले आज नेपालको बिकल्प नै प्राङ्गगारिक खेती भएको र यसको आवश्यकता दिनानुदिन वृद्दि भइरहेको छ, यो नै हाम्रो यथार्त भएकोले आज यसको आवश्यकता झनै स्पष्ट भएको छ ।

## यस भित्र......

आयोगको परिचय......................................१
आयोगको दुरदृष्टि, लक्ष्य, ध्येय..........................२
आयोगको काम कर्तव्य र अधिकार.......................२
आयोगको जनशक्ति....................................३
गत आ.व.मा सन्चालित मुख्य मुख्य कार्य................४
प्रथम चौमासिकमा सचालित मुख्य मुख्य कार्य............५
प्रथम चौमासिकमा सम्पन्न भएका गतिविधिका झलक.....५

## आयोगको परिचय

मुलुकको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण गरी किसानको हकहितको संरक्षण एवं प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानहरुको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउनु वान्छनीय भएको तथ्यलाई आत्मसाथ गर्दै कृषि विकास रणनीति (सन् २०१५-३५) ले परिलक्षित गरे बमोजिमका उद्देश्य हासिल गर्न नेपाल सरकारबाट मिति २०७३।१०।६मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो । यस आयोगको कार्यालय हरिहरभवन, ललितपुरमा अवस्थित छ ।



## आयोगको दुरदृष्टि:

आम किसानको हक हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै विकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने ।

## आयोगको लक्ष्य

किसान अधिकारमैत्री वातावरण निर्माण मार्फत सबै किसानले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

## आयोगको ध्येय:

विश्वव्यापीरुपमा आत्मसात् गरिएका किसान अधिकारका सिद्धान्त, मूल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार सम्बर्द्धन र प्रवर्द्धन गर्ने संस्थाको रुपमा आयोग रहनेछ ।

## आयोगको काम कर्तव्य र अधिकार

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७२ मा उल्लेख भए बमोजिम आयोगलाई देहायका काम कर्तव्य र अधिकारहरु तोकिएको छ ।

क) कृषि विकास रणनितीको सफल कार्यान्वयन गर्नको लागि कृषि विकास मन्त्रालय लगायत कृषि क्षेत्र सँग सम्वन्धीत निकायहरु समक्ष समय सापेक्ष सुधारका सम्वन्धमा नेपाल सरकारलाई राय सुझाव दिने ।

ख) किसानहरुको हक हितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना -Farmer welfare scheme तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।

ग) नेपाल सरकारले जारी गरेका विद्यमान निती ऐन नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (policy gap) को सम्वन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने ।

घ) किसान हक हित अधिकार एंवम किसानहरुको राज्य प्रतिको कर्तब्य र दायित्वका लागि नयाँ नीति ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।

ङ) किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

च) कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत साधनमा किसानहरुको पँहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने ।

छ) विभिन्न बाली वस्तुहरुको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिवृद्धि र मुल्य अभिबृद्धिको आधारमा किसानले उचित मुल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।

ज) वस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान संजाल एवं संगठनहरुको क्षमता अभिवृद्धि गरी किसानहरुको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरु सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

झ) किसानहरुको परम्परागत ज्ञान सिप प्रविधि रैथाने जात बिउ नश्ल तथा किसानहरुले विकास गरेका बालीरपशु नश्लमा उनीहरुको पँहुच र प्रयोग बढाउन तथा त्यसमा किसानहरुको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

ञ) कृषि पेशा लाई आकर्षित बनाउन अवलम्वन गर्नु पर्ने किसान अधिकार सम्वन्धी नीति तथा कार्यक्रमका सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।

ट) संविधानले व्यवस्था गरेका किसानहरुका हक हित र अधिकारहरु कार्यान्वयन भए नभएको सम्वन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने ।

ठ) किसान संघ संगठनहरु (समूह, सहकारी, गै.स.स. बाहेक)लाई दर्ता गरी नियमन गर्ने ।

ड) सरकारी तथा गैर सरकारी एंव निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरु बाट किसानहरुको अधिकार हनन् भएमा सम्वन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराइ आवश्यक सिफारिस गर्ने ।

ढ) नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने ।

## आयोगको जनशक्ति

आयोगमा पदाधिकारीमा १ जना अध्यक्ष र ५ जना सदस्य रहने व्यवस्था छ भने सचिबालय तर्फ निम्न दरवन्दी रहेको छ।

| क्र.सं | पद | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|---|
| १. | सदस्य-सचिव | १ | १ | |
| २. | बरिष्ठ कृषि अर्थ विज्ञ | १ | १ | |
| ३. | बरिष्ठ पशु विकास अधिकृत | १ | | १ |
| ४. | शाखा अधिकृत | १ | १ | |
| ५. | लेखा अधिकृत | १ | १ | |
| ६. | कृषि प्रसार अधिकृत | १ | १ | |
| ७. | कृषि अर्थ विज्ञ | १ | १ | |
| ८. | पशु विकास अधिकृत | १ | १ | |
| ९. | प्राविधिक सहायक | ३ | ३ | |
| १०. | कम्प्युटर अपरेटर | ६ | ४ | २ |
| ११. | नायब सुब्बा | १ | १ | |
| १२. | लेखापाल | १ | १ | |
| १३. | सवारी चालक | ७ | ६ | १ |
| १४. | कार्यालय सहयोगी | ५ | ४ | १ |
| | जम्मा | ३१ | २६ | ५ |

## आर्थिक वर्ष २०७४/७५ मा सचालित मुख्य मुख्य कार्य

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत संचालित सुपरजोन कार्यक्रमहरुको स्थलगत अवलोकन तथा उक्त कार्यक्रम संचालनमा देखिएका बिभिन्न समस्या सम्बोधनको लागि परियोजना प्रमुखसँग छलफल गरी सुधारको सुझाव दिईएको।
- उखु उत्पादक किसान र चिनि उद्योगी व्यवसायी बीच उखुको मूल्य निर्धारण तथा भुक्तानी सम्बन्धमा रहेको समस्या समाधानको लागि उखु कृषक, उत्पादक र किसान संघर्ष समिति, चिनिमिल संचालक, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उखु तथा चिनी बिकास समिति लगायतका प्रतिनिधिहरु बीच यस किसान आयोगका प्रतिनिधीहरुको सहभागितामा छलफल र अन्तरकृया कार्यक्रम संचालन भएको।
- देशका विभिन्न स्थानमा किसानहरुले खेती लगाउने समयमा हुने रासायनिक मलको अभाव तथा कालो बजारी नियन्त्रण गर्न कृषि सामाग्री कम्पनी लि.सँग अन्तरकृया गरी विभिन्न सुझाव दिईएको।
- राष्ट्रिय बीउ विजन कम्पनी लि.बाट राजापुर क्षेत्रमा वितरण भएको धानको वीउमा मिसावट भई गत विभिन्न समयमा भएका सम्झौता अनुसार क्षतीपूर्ती नपाएको विषयमा पिडितलाई क्षति पूर्तिको व्यवस्थाको लागि सम्बन्धित राष्टिय बीउ बिजन कम्पनी लाई सुझाव दिइएको
- आगामी आ.ब.को नीति तथा कार्यक्रममा किसान हक अधिकार संरक्षण र किसान कल्याणकारी विषयहरु समावेश हुन सुझावहरु कृषि तथा पशुपन्छी बिकास मन्त्रालयमा पेश गरिएको।
- ब्याज अनुदानको कृषि ऋणमा कृषकको पँहुच अभिबृद्धिका लागि संस्थागत तथा कार्यक्रमगत ब्यवस्था हुन सुझाव दिईएको।
- कृषि बीमाको पँहुच आम ग्रामीण समुदायमा पुऱ्याउन संस्थागत तथा कार्याक्रमगत ब्यवस्था हुन किसान आयोग र सरोकारवाला निकायहरु वीच अन्तरक्रिया गरी विभिन्न सुझाव दिईएको।
- बीमाको प्रिमियममा सरकारको तर्फवाट दिईने अनुदान रकम निकाशामा हुने ढिलाईको समस्या सुझाउन सुझाव दिइएको।
- छाडा पशु, बँदेल, बाँदर, नील गाई, हात्ती लगायतका जंगली जनावारवाट मानव समुदाय र कृषि वालीमा हुने क्षतीको क्षतीपुर्तिको ब्यवस्था तथा उल्लेखित विषयमा स्थायी समाधानका लागि आवश्यक ब्यवस्थाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा बन मन्त्रालयमा सुझाब दिईएको।
- राष्ट्रिय किसान आयोग र यसका क्रियाकलापहरुबारे अभिमुखिकरण गोष्ठी/सचेतनामुलक कार्यक्रम-विराटनगर, जनकपुर, सिन्धुली, काभ्रे, चितवन, पोखरा, वुटवल, सल्यान, सुर्खेत, बांके र धनगढीमा सपन्न भएको।
- प्रदेश तथा केन्द्रमा सरोकारवालाहरु वीच किसान अधिक सम्बन्धी एवं कल्याणकारी नीति पहिचान गोष्ठी विभिन्न स्थानमा तदअनुसार खुमलटारमा, कृषि ऋण सम्बन्धी, वारामा उखु किसानको समस्या सम्बन्धी, झापामा औधोगिक बालीको बजार व्यवस्थापन सम्बन्धी, सल्यानमा परिवर्तित सन्दर्भमा स्थानीय तहको कृषि योजना गोष्ठी सफलतापूर्वक सपन्न भएको।

- प्रस्तावित भूउपयोग ऐनको मस्यौदा सम्बन्धमा माननीय मन्त्रीज्यूको आतिथ्यतामा सरोकारवालाहरुसँग छलफल गरी प्राप्त सुझावहरु तत्कालीन कृषि भूमी व्यवस्थापन तथा सहकारी मन्त्रालयमा पेश गरिएको ।
- कृषि वीमा सम्बन्धी माननीय राज्यमन्त्रीज्यूको समुपस्थितीमा सरोकारवालाहरुसँग छलफल गरी सुझाव पेश गरीएको ।
- लाहान, बुटवल, नेपालगन्ज र काठमाण्डौमा किसान संघ संगठन तथा सञ्जालहरुको क्षमता अभिबृद्धि सम्बन्धी २ दिने प्रशिक्षण कार्यक्रमहरु संचालन गरीएको ।
- पाल्पा, दमौली, जुम्ला, धनकुटा, जनकपुर र खुमलटारमा कृषि श्रमिकहरुलाई अभिमुखीकरण ३/३ दिबशीय प्रशिक्षण कार्यक्रमहरु संचालन गरिएको।
- सात वटै प्रदेशमा प्रदेशका मन्त्रीज्यूर सचिवज्यू, संबन्धित बिज्ञ तथा सरोकार निकायहरुको उपस्थितीमा भूउपयोग ऐन, किसान बर्गिकरण तथा योगदानमा आधारित किसान पेन्सन संबन्धी अन्तरक्रिया कार्यक्रम माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूको प्रमुख अतिथ्यमा संपन्न गरिएको ।

## आ.ब. २०७४/७५ मा संचालन भएका मुख्य मुख्य अध्ययनहरु

- किसान वर्गिकरण, किसान परिचय पत्र वितरण र योगदानमा आधारित किसान पेन्सन कार्यक्रम सम्बन्धमा अध्ययन गरी सरोकारवालाहरुको व्यापक सहभागितामा छलफलमा प्राप्त सुझावहरु समावेश प्राप्त गरी सुझावहरु सहितको प्रतिवेदन मन्त्रालयमा कार्यान्वयन हुन पेश गरिएको ।
- सरोकारवालाहरु समेतको सहभागितामा छलफल गरी राष्ट्रिय किसान आयोग ऐनको मस्यौदा तयार गरि आवश्यक कार्यबाही अगाडी बढाउने प्रकृयामा रहेको ।
- २० बर्षे कृषि विकास रणनीति कार्यान्वयन अवस्थावारे अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार भएको ।
- कृषि ऋणको वर्तमान अवस्थावारे अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार भएको ।
- कृषि उत्पादन निर्यात प्रवर्द्धनमा देखिएका समस्या तथा संभाव्य समाधानवारे अध्ययनगरी सुझाव सहितको प्रतिवेदन तयार भएको ।
- कृषि ब्यवसायिकरण तथा करार खेतीका लागि करार ऐन सम्बन्धमा अध्ययन गरी मस्यौदा तयार गरिएको ।
- बाँझो जग्गा ब्यवस्थापन सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार भएको

## आ. व. २०७५/७६ को प्रथम चौमासिकमा सचालित मुख्य मुख्य कार्य

- गोलभेंडा किसानहरुको गोलभेडा भारत निकासीमा देखिएको समस्या सम्बन्धमा सरोकारवालहरुसँग बिभिन्न समयमा छलफल गरी समस्या समाधानका उपायहरु एकमुष्ट गरी सुझावहरु माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यू समक्ष समस्या समाधान हुन पेश गरिएको ।
- दुग्ध विकास संस्थानले काभ्रे तथा चितवन जिल्लाका सहकारी संस्थाहरुलाई उपलब्ध गराउदै आएको प्रिमियम रकम हटाउने निर्णयवाट चितवनमा उत्पन्न भएको समस्या समाधानका लागि सुझाव सहित माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यू समक्ष समाधानको लागि प्रस्तुत गरिएको ।
- च्याउ किसानहरुले उठाएका समस्या सम्वन्धमा आयोगको सिफारिस सहितको सुझाव माननीय मन्त्रीज्यू समक्ष कार्यान्वयनको लागि पेश गरिएको हो ।
- डडेलधुरा, दाङ्ग, इलाम,ओखलढुङ्गा जिल्ला स्थित किसान संघर संगठनहरुलाइं किसान हक हित संबन्त्री अभिमुखीकरण कार्यक्रम संचालन भएको ।
- किसान हकहित र कृषि क्षेत्रका विज्ञहरुको रोष्टर तयार गरी राष्ट्रिय किसान आयोगकमा आउने कृषक लगायत सरोकारवालाहरुका समस्या समाधानको लागि उचित सुझावका आधार तय गरिने साथै बिज्ञहरुको अन्तरक्रिया बैठक सम्पन्न गरी राय/सुझाव प्राप्त गर्ने गरेको ।
- किसान हक हितका सार्वजनिक बहस पैरवी अघी बढाउन किसान संघ संगठनको दर्ता कार्यक्रमलाइ जारी राखिएको साथै अन्तरक्रिया बैठक संपन्न गरी रायरसुझाव प्राप्त गरेको
- कार्यक्रमको पारदर्शीताको लागि पत्रकार सम्मेलन गरी आयोगको गतिबिधी तथा खर्च बारे जानकारी गराइएको ।
- दोश्रो वार्षिक प्रगित प्रतिवेदन पुस्तिका माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यू समक्ष पेश गरिएको ।
- प्रदेश ३ को मकवानपुरको, हेटौडा र प्रदेश २ को धनुषा, हर्दिनाथमा प्रदेशस्तर कृषि प्रसार, अनुसन्धान विकास तथा किसानहरु सम्वन्धित समसामयिक समस्याहरु सम्वन्धि छलफल तथा अन्तरक्रिया कार्यक्रम संपन्न भएको ।
- चितवन जिल्लाका दुग्ध तथा प्राङ्गारिक मल सम्वन्धित बिषयमा कृषक, सहकारी, उद्योगी तथा अन्य सरोकारवालाहरुसंग समस्या पहिचानको लागि छलफल तथा अन्तरक्रिया गरी प्रतिबेदन तयार गरेको ।

- ✦ प्रदेश १,२,४ र ५ का विभिन्न स्थानमा किसान तथा अन्य मल, गौशाला व्यवस्थापन, कागती, केरा, गाइं फार्म, कुखुरा फार्म, अर्गानिक तरकारी खेती, शीतभण्डार आदि बारे समस्या पहिचानको लागि छलफल तथा अन्तरक्रिया गरी प्रतिबवेदन तयार भएको ।
- ✦ किसान अधिकार ऐन र नियमावली निर्माण गर्न, कृषि विकासमा संघीय, प्रादेशिक र स्थानीय निकायबीच समन्वय शिर्षकमा सुझाव पेश गर्न र बढ्दो रासायनिक मल बिषादीको प्रयोग न्यूनिकरण गर्दै प्राङ्गारिक खेती तर्फ लैजान ठोस सुझाव पेश गर्न सूचिकृत विज्ञहरुसंग सेवा करार सम्झौता भएको ।

## आ. व. ०७५/७६ को प्रथम चौमासिकमा सम्पन्न भएका गतिविधिका झलक

दोश्रो वार्षिक प्रगति समिक्षा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री श्री चक्रपाणी खनालज्यूको प्रमुख आतिथ्यमा मिति २०७५/५/३१ गते सम्पन्न भएको थियो । उक्त कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय राज्य मन्त्री श्री राम कुमारी चौधरी बिशिष्ट अतिथिको रुपमा रहनु भएको थियो भने राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पुष्प कडेलज्यू, राष्ट्रिय सभाका सदस्य माननीय बलराम बास्कोटाज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यूहरु लयायत सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरुको उपस्थिति थियो ।



कृषि तथा पशुपन्छी विकास मन्त्रालका माननीय मन्त्री श्री चक्रपाणी खनालज्यू समक्ष आयोगको वार्षिक प्रगति प्रतिवेदन पेश गरिदै ।

प्रदेश २ अन्तरगत धनुषाको हर्दिनाथमा मिति २०७५/६/७ र ८ गते प्रदेशस्तर कृषि प्रसार, अनुसन्धान विकास तथा किसानहरु सम्वन्धित समसामयिक समस्याहरु छलफल तथा अन्तरक्रिया कार्यक्रम प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री शैलेन्द्र शाहको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । खाद्यन्न बाली, माछा, उखु बाली, जडीबुटी तथा नर्सरी, तरकारी तथा फलफुल र पशुपन्छीपालक कृषकहरुका कृषि प्रसार, अनुसन्धान विकास तथा किसानहरु सम्वन्धित समसामयिक समस्याहरुको पहिचान गरी समाधानका उपाय सहित पशुपन्छी विकास मन्त्रालयको साथै प्रदेश २ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा कार्यान्वयको लागि पठाइएको थियो ।



प्रदेश २ का भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री शैलेन्द्र शाह सरोकार निकायहरुसँगको अन्तरक्रिया बैठकमा प्रमुख आतिथ्य गर्दै

प्रदेश ३ अन्तरगत मकवानपुरको हेटौडामा मिति २०७५/६/६ र ७ गते प्रदेशस्तर कृषि प्रसार, अनुसन्धान विकास तथा किसानहरु सम्वन्धित समसामयिक समस्याहरु सबन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम प्रदेश का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री दावा दोर्जे लामाज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । खाद्यन्न बाली, मह, माछा, जडीबुटी तथा नर्सरी, तरकारी तथा फलफूल र पशुपन्छी पालक कृषकहरुको कृषि प्रसार, अनुसन्धान विकास तथा किसानहरु संबन्धीत समसामयिक समस्याहरुको पहिचान गरी समाधानका उपाय सहित कृषि तथा पशुपन्छी विकास मन्त्रालय र प्रदेश ३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा कार्यान्वयको लागि पठाइएको थियो ।





प्रदेश ३ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री दावा दोर्जे लामाज्यू अन्तरक्रिया बैठकमा संबोधन गर्दै



झापा जिल्लामा कार्यक्रमको सिलसिलामा

प्रदेश १ र २ का विभिन्न स्थानमा किसान तथा अन्य सरोकारवालाहरुका प्राङ्गारिक मल, चिया, रबर, अदुवा, बेसार, मत्स्य, गौशला व्यवस्थापन, दुग्ध उत्पादन सहकारी आदि बारे समस्या पहिचानको लागि छलफल तथा अन्तरक्रिया भएको थियो। मुख्य मुख्य समस्याको रुपमा राष्ट्रिय चिया नीति, २०५७ ले सहकारी लगायत सबै निकाय तथा पक्षलाइ समेट्न नसकेको, चिया अक्शन सेन्टर र हरियो चियापत्तीको मूल्य निर्धारणमा समस्या रहेको। सुपारी खेती कृषिजन्य बस्तुमा सूचिकृत नभएकोले कर्जा लिन लगायत विभिन्न समस्या परेको । रबर खेतीको लागिको लागि रबर नीति, प्राविधिक जनशक्ति र प्रोत्साहनको अभाव रहेको । अदुवाको लागि बजार, प्रशोधन केन्द तथा ऋणको पहुचमा समस्या रहेको। माछामा उत्पादन लागत बढि भएकोले भारतीय माछा सग प्रतिस्पर्धा गर्न समस्या र ऋणको पहुचमा समस्या रहेको । प्राङ्गारिक मलमा भने भारतबाट अनियन्त्रितरुपमा आउने न्यून गुणस्तरिय प्राङ्गगारिक मलसँगको प्रतिस्पर्धा रहेको। दुग्ध उत्पादन सहकारीमा दुध बिक्री समस्या र गोलभेडा खेतिमा मूल्यमा एकरुपता नभएको, भण्डारण तथा र स्थानीय रुपमा प्रशोधनको समस्या आदि उल्लेख भएको थियो। यसको बिस्तृत प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीज्यू समक्ष पेश भएको थियो।

प्रदेश ४ र ५ का बिभिन्न स्थानमा किसान तथा अन्य सरोकारवालाहरुका प्राङ्गारिक तरकारी, कागती खेती, केरा खेती, कुखुरापालन, गाई र भैसीपालन तथा कृषि सहकारी आदिका समस्या पहिचानको लागि छलफल तथा अन्तरकृया भएको थियो। मुख्य समस्याको रुपमा सर्वसुलभ तथा सहुलियत ऋण तथा बीमामा पहुचमा समस्या, गुणस्तरिय बेर्नाको समस्या, उत्पादित वस्तुको उचित मूल्यको अभाव, प्राविधिक सेवाटेवाको अभाव आदि बारे समस्या उठेको थियो । यसको विस्तृत प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीज्यू समक्ष पेश भएको थियो।



प्रदेश ५ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका माननीय मन्त्री श्री आरती पौडेलज्यूसँग किसानका समस्याहरु बारे छलफल गरिदै।

पत्रकार भेटघाट कार्यक्रम २०७५।६।२२ मा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा आयोगको बजेट तथा खर्च र भए गरेका कार्यहरुको बारे आयोगका सदस्य तथा प्रबक्ता श्री रविन्द्र के.सी.ज्यूबाट जानकारी गराइएको थियो।




आयोगको पत्रकार सम्मेलनमा पत्रकारज्यूहरुको जिज्ञासा मेटाउदै आयोगका अध्यक्ष



चितवन जिल्लामा कार्यक्रम अनुगमनको सिलसिलामा

मिति २०७५/०६/२३ गतेदेखि २०७५/०६/२८ सम्म चितवन जिल्लामा कृषि तथा पशुपन्छी कार्यक्रम, गतिविधी, प्रांगारिक मल उद्योग, व्यावसायिक कृषक तथा दुग्ध सहकारी र कृषकहरुसंग छलफलमा निम्नानुसारका जल्दाबल्दा समस्याहरु पहिचान भएको थियो ।किसानको वर्गीकरण, वर्गीकरणको आधारमा परिचय पत्र र परिचय पत्रको आधारमा अनुदान र पेन्सनको व्यवस्था व्यवस्था हुनुपर्ने ।हाल संचालित कृषि बीमा सम्बन्धमा कम्पनीहरुबाट वस्तुभाऊको मूल्याङ्कन प्रचलित बजार दररेट भन्दा अत्यन्त न्यून हुने गरेको साथै क्षतिपूर्ति समयमा नहुने गरेको।कृषि विकासको लागी सहुलियत कृषि ऋणको नीतिगत व्यवस्था भएता पनि वित्तीय संस्थाहरुबाट सरल रुपमा ऋण प्राप्त गर्न नसकिएको साथै परियोजनालाई समेत धितो राखी ऋण प्रदान हुन नसकेको । हालै भएको मन्त्रालयको संगठन संरचना परिवर्तनले प्राविधिक सेवाको दायरा संकुचित भएको भू-उपयोग ऐन कार्यान्वयनको लागी पहल हुनुपर्ने । कृषि भूमिमा सिंचाईको सुविधा साथै विद्युत महशुलमा (मत्य पोखरीमा समेत) कृषि व्यवशाय सरह छुटको व्यवस्था हुनु पर्ने ।व्यावसायिक गाई फार्महरुलाई पञ्जीकरणको आधारमा उच्च नश्लका सिमेन (Sex Semen) अनुदानमा उपलव्ध हुनुपर्ने पशुपन्छी तथा बालीमा प्रयोग हुने औषधी, कीटनाशक विषादीहरुको गुणस्तर परिक्षण र नियमित नियमन हुनुपर्ने । अनुत्पादक गाई तथा बाछाबाछीहरुको व्यवस्थापनको लागी थप गौशाला स्थापनाको साथै बाहिरी निकासीमा हुने प्रशासनिक चुनौतीलाई सहजीकरण गरिनुपर्ने । स्वदेशी उत्पादनलाई प्रोत्साहित गरी निम्न गुणस्तरीय दुग्ध पाउडर आयातलाई मापदण्ड बनाई नियन्त्रण गर्नुपर्ने ।किसानलाई उत्पादन प्रतिफलको आधारमा अनुदानको व्यवस्था हुनु पर्ने ।पशु आहारको श्रोतहरु उचित उपभोग हुन प्रयोगशालाको व्यवस्था साथै बजारीकरणमा सहयोग हुनु पर्ने ।किसान, कृषि श्रमिकको साथै प्राविधिकहरुको क्षमता अभिवृद्धिमा विशेष जोड दिनुपर्ने । मह एक पौष्टिक महत्व भएको वस्तु भएकोले यसको आन्तरिक खपत बढाउन सेना तथा प्रहरी जवानको रासनको मेन्यूमा महलाई समाबेश गरी आन्तरिक खपत वृद्धि गराउनु पर्ने सबाल उठेको थियो ।




मिति २०७५/०७/१५ गते सपन्न भएको प्राङ्गारिक कृषि वर्तमान अबस्था तथा भावी कार्यदिशा गोष्ठीका सहभागी

मिति २०७५/०७/१५ गते प्राङ्गारिक कृषि वर्तमान अवस्था तथा भावि कार्यदिशा गोष्ठी कृषि तथा पशुपन्छी विकास मन्त्रालय लयायत विभिन्न निकायहरुको सहकार्यमा सम्पन्न भएको थियो। उक्त कार्यक्रमा Organic agriculture status in Nepal, Organic agriculture approach & modality in general, Organic agriculture program implementation: draft guidelines, farmersÚ perspective on Organic agriculture promotion in Nepal, Organic agriculture marketing & consumption, Present situation of organic inputs & service in Nepal & future strategy, Standard & quality assurance बिषयमा कार्यपत्रहरु प्रस्तुत भएका थिए।



आयोगका सदस्य सचिव श्री दुर्गा प्रसाद दवाडी किसान अधिकार ऐन र नियमावली निर्माण गर्न विज्ञसँग करार सम्झौता गर्दै।

**संरक्षक**

मा. चित्र बहादुर श्रेष्ठ, अध्यक्ष, राष्ट्रिय किसान आयोग

**सम्पादक मण्डल**

| | | | |
|---|---|---|---|
| संयोजक | : | श्री दुर्गा प्रसाद दवाडी | सदस्य सचिव, राष्ट्रिय किसान आयोग |
| सदस्य | : | श्री किशोर बिष्ट, | ब.कृ.अ.बि., राष्ट्रिय किसान आयोग |
| सदस्य | : | श्री रमेश कुमार सिंह, | प.बि.अ., राष्ट्रिय किसान आयोग |
| सदस्य | : | श्री दिपेन्द्र मणी लामिछाने, | कृ.प्र.अ., राष्ट्रिय किसान आयोग |
| सदस्य | : | श्री मेनका तिवारी, प्रा.स., | राष्ट्रिय किसान आयोग |

श्री ..........................................................................................

..........................................................................................

नेपाल सरकार, **राष्ट्रिय किसान आयोग**, हरिहरभवन, ललितपुर
Phone No: 977-1-5521145, 977-1-5520085
Email: nfcnepal2017@gmail.com
Website: w.w.w.nfc.gov.np